नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

# सूचना

"नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को मिति २०७६/१२/२५ गते बसेको १८ औं बैठकको निर्णय तथा राष्ट्रिय योजना आयोग (मा.उपाध्यक्षस्तर) को मिति २०७७/०१/०४ गतेको निर्णय अनुसार "राष्ट्रिय योजना आयोगले 'कोभिड-१९' को संक्रमणबाट नेपालको सामाजिक, आर्थिक एवम् अन्य क्षेत्रहरुमा परेको असर/प्रभाव अध्ययन गरी अर्थव्यवस्थालाई पुनर्उत्थान गर्न आवश्यक नीति, रणनीति एवम् उपयुक्त उपायहरु सहितको प्रतिवेदन तयार गर्ने" भएकोले तपसीलका विषयहरुमा आफ्ना राय, सुझाव, सल्लाह वा टिप्पणीहरु मिति २०७७ साल, वैशाख ३० गतेसम्ममा उपलब्ध गराइदिनुहुन सम्बन्धित संघ-संस्था, सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, विषयविज्ञ, बुद्धिजिवीहरु एवं सरोकार राख्ने सबै नागरिकहरुमा राष्ट्रिय योजना आयोग हार्दिक अनुरोध गर्दछ ।

<u>तपसील</u>

१. सार्वजनिक स्वास्थ्य सेवा (Public Health Service) प्रवाहलाई प्रभावकारी बनाउने उपायहरु;

२. यातायात, वायु सेवा, होटल व्यवसाय, मनोरञ्जन सेवा र पर्यटन (Tourism) सँग सम्बन्धित अन्य क्षेत्रहरु पुनर्सञ्चालन एवम् पुनर्स्थापित गर्ने उपायहरु;

३. लघु, साना, घरेलु तथा मझौला उद्यमहरु (Small and Medium Enterprises) को संरक्षण, विकास तथा विस्तार गर्ने र औद्योगिक उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने तरिकाहरु र वितरण प्रणाली प्रभावकारी बनाउने उपायहरु एवम् उद्यमशीलता विकास, स्थानीय प्रविधि, अन्वेषणलाई प्रोत्साहित गर्ने नीतिका साथै निर्यात प्रवर्द्धन (Export Promotion) का उपायहरु;

४. अल्पसंख्यक, भूमिहीन, कमजोर, विपन्न, सिमान्तकृत, पिछडिएको वर्ग, श्रमिक, मजदुर र किसानहरुको संरक्षणको लागि आवश्यक सामाजिक सुरक्षा (Social Security) का कार्यक्रमहरु एवम् लैंगिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion) प्रवर्द्धन गर्ने र जोखिममा परेका (People at Risk) नागरिकहरुको सुरक्षाका उपायहरु;

५. कृषिजन्य वस्तु (Agricultural Product) को उत्पादन, आपूर्ति र वितरण प्रक्रियालाई स्तरीय तथा भरपर्दो बनाउन कृषकबाट उत्पादित कृषि उपजको संकलन, संचय, खरिद, विक्री, वितरण एवम् बजार व्यवस्थापनका उपायहरु;

६. असंगठित एवम् अनौपचारिक क्षेत्रका, वैदेशिक रोजगारीबाट फर्किएका र युवा तथा शिक्षित बेरोजगारहरुका लागि तत्कालै र भविष्यमा थप रोजगारी श्रृजना (Employment Generation) गर्न सकिने कार्यक्रम तथा क्रियाकलापहरु;

७. प्रविधियुक्त, रोजगारमूलक, व्यावसायिक, सीपमूलक तथा समयानुकूल शिक्षा प्रणाली (Educational System) प्रवर्द्धनका उपायहरु;

८. गरिबी, असमानता र सामाजिक वहिष्करण (Poverty, Inequality and Social Exclusion) कम गर्ने उपायहरु;

९. श्रम, आन्तरिक तथा बाह्य बसाइसराई (Migration) व्यवस्थापन गर्ने र वैदेशिक रोजगारी (Foreign Employment) तथा विप्रेषण (Remittance) का विकल्पहरु;

१०. 'कोभिड-१९' बाट पूर्ण, आंशिक र सामान्यरुपले क्षति/नोक्सानी (Damage and Loss) भएका क्षेत्र/उपक्षेत्रहरु, ती क्षेत्र/उपक्षेत्रहरुमा लकडाउनबाट भएको क्षति र तत्काल राहत/उद्धार (Rescue and Relief) को लागि आवश्यक वित्तीय/आर्थिक सहयोग कार्यक्रमहरु;

११. 'कोभिड-१९' ले श्रृजना गरेका चुनौती तथा अवसरहरु (Challenges and Opportunities);

१२. कोभिड-१९ को संकटबाट उठाएर नेपाललाई "Build Back Better" बनाउने उपायहरु ।

१३. समग्र अर्थव्यवस्था (Macro Economy), सार्वजनिक वित्त, मौद्रिक तथा वित्तीय क्षेत्र, लगानी, पूँजी निर्माण, विनिमय दर, विदेशी मुद्रा सञ्चिती, र मूल्य श्रृंखला (Value Chain) सुदृढीकरणमा गर्नुपर्ने सुधारहरु; र

१४. आर्थिक गतिशीलता (Economic Dynamics) प्रवर्द्धन गर्न, अर्थतन्त्रमा संरचनात्मक सुधार वा परिवर्तन गर्न, समग्र अर्थव्यवस्थाको लागत घटाउने उपायका साथै अन्य क्षेत्र/विषयहरु ।

<u>सुझावहरु देहायको ठेगानामा पठाउन सकिनेछः-</u>

अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा,
राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।
फ्याक्सः ४२११७००, E-mail: research@npc.gov.np, lbkhatri@npc.gov.np